परिवर्तनका लागि एक नयाँ आवाज

# टक नेपाल

Talk Nepal National Daily राष्ट्रिय दैनिक

वर्ष : ३ अंक : ३४३ पृष्ठ ४ २०८२ असोज ११ गते, शनिबार 27 September, 2025 मूल्य रु. ५/-




हामीलाइ www.talknepaltv.com मा पनि पढ्न सकिन्छ ।

## महोत्तरीका
# स्थानीय सरकार: आशाभन्दा बढी निराशा



टक नेपाल

स्थानीय सरकार सञ्चालन ऐनको प्रस्तावनामा नै जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी सुलभ र गुणस्तरीय सेवाको माध्यमबाट समावेशी र न्यायोचित वितरण गर्ने परिकल्पना गरिएको छ ।तर महोत्तरीका स्थानीय सरकार प्रमुखहरूले भोटका लागि राजनीति गर्दा कतिपय सेवाहरू न्यायोचित ढंगले वितरण हुन नसकेको जनगुनासोहरू बढ्दै गएका छन् ।

दिगो विकासको अवधारणाअनुरूप समाजवादउन्मुख संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन पद्धतिलाई स्थानीय तहदेखि नै सुदृढीकरण गर्ने स्थानीय सरकार सञ्चालन ऐनको प्रस्तावनालाई मूर्तरूप दिन स्थानीय सरकारका प्रमुख नै चुनौती बन्दै गएका छन् । व्यक्तिगत स्वार्थ परिपूर्ति, आफ्ना पक्षधरहरूको संरक्षण र चुनावदेखि चुनावसम्मका लागि राजनीति गर्दा न्यायोचित र समावेशी विकासमा गम्भीर समस्या बन्दै गएको दृश्य जिल्लाको उत्तरी क्षेत्र बर्दिवासवाट सुरु हुन्छ ।

**सडक विकासको नाममा व्यवसाय गर्दै बर्दिवास**

'नगरको दक्षिणी क्षेत्रमा आफ्ना कार्यकर्ताहरूको घरघरमा बोरिङ बन्नु र आवश्यक्तालाई भन्दा आफ्ना पक्षधरलाई खुसी बनाउने रणनीति बनाउनु निक्कै दुःखद् हो,' स्थानीय रमछबिला यादव भन्छन्, 'जसले भोट हाले पनि जनप्रतिनिधि साझा बन्न सक्नुपर्थ्यो, तर यसो हुन सकेन जसले व्यवस्थामाथिको भरोसासमेत टुट्दै गएको छ ।' बर्दिवास-७ का वडाध्यक्ष रासोगारथ यादवलाई बोरिङको विषयमा प्रश्न गर्दा कार्यकर्ता भनेर निधारमा लेखेको छ र ? भनेर प्रतिप्रश्न गर्छन् ।

स्थानीयका अनुसार वडा-७ मा १९ वटा बोरिङ बनेका छन् । जुन अधिकांश कार्यकर्ताहरूको घरघरमा जडान गरिएको उनीहरूको गुनासो छ । वडा-९ पशुपतिनगरमा त एउटै परिवारमा ३ वटासम्म बोरिङ गाडेको भेटिएको छ । स्थानीय सरकारको कार्यकाल २ वर्ष बाँकी रहँदा अपेक्षा गरिएको बर्दिवासजस्तो पालिकामा सडक संजालबाहेक दीर्घकालीन प्रभाव पार्ने खासै काम भएको देखिँदैन ।

क्रसर व्यवसाय पृष्ठभूमिका नगरप्रमुख प्रल्हाद कुमार क्षेत्रीका अहिले पनि २ वटा क्रसर उद्योग छन् । 'यो अवधिसम्म क्रसरमा भएका नदीजन्य पदार्थ विकाउनबाहेक अरू काम भएको देखिएन,' स्थानीय रन्जित महतोले भने, 'उनी त व्यवसाय गर्न पो आएका रहेछन् ।' होटल हबको रूपमा विकास भएको बर्दिवास पर्यटकीय दृष्टिकोणले महत्त्वपूर्ण मानिन्छ । यो पालिका १२ हजार वर्ष अर्थात मध्यपाषण युगको अवशेषहरू र प्राकृतिक दृष्टिकोणले समेत उर्वर ठाउँको रूपमा परिचित छ ।

'तर नगरप्रमुखको निसाना सडक बनाएर क्रसर व्यवसाय गर्नु छ अनि बर्दिवासको भविष्यबारे अन्यौल हुँदैन त ?,' पशुपतिनगरका स्थानीय युवा विनय महतो प्रतिप्रश्न गर्दै भन्छन्, 'अब दीर्घकालीन भविष्य निर्माण गर्ने जनप्रतिनिधि खोज्ने बेला भयो ।'

### उपमेयरसगँको जुधाइले विकासका काम ठप्प

बर्दिवास नगरपालिकासँगै जोडिएको अर्को पालिका हो गौशाला नगरपालिका । यहाँ नगरप्रमुख र उपप्रमुखको कलहले विकासका काम नै प्रायः ठप्प छन् । चिकित्सक पेसाबाट हठात राजनीतिमा प्रवेश गरेका नगरप्रमुख दीपेन्द्र महतोले यो अवधिसम्म उपप्रमुखका क्षेत्राधिकार हस्तक्षेप गर्नेबाहेक खासै काम गर्न नसकेको स्थानीयहरू बताउँछन् ।

नगरसभा तथा बजेट निर्माण प्रक्रियामा उपमेयर रेणुकुमारी महतोलाई बेवास्ता गर्दै जबर्जस्ती गर्दा कैयौँपटक जनकपुर उच्च अदालतले नै मेयरलाई ब्रेक लगाइसकेको छ । विधि, विधानविपरीत गएर नगर क्षेत्रका खोलाहरू ठेक्का लगाउँदा जिल्ला समन्वय समितिले समेत नगरप्रमुख महतोलाई हस्तक्षेप गर्दै आएको छ । नगरप्रमुख महतो र बर्दिवास नगरपालिकाका नगरप्रमुख क्षेत्रीले त समन्वय समितिको कार्यविधिविरुद्ध रिट नै हालेका थिए ।प्राकृतिक संरक्षणको पक्षमा उभिएको कार्यविधिमाथि प्रश्न उठाएर दायर गरिएको मुद्दालाई अदालतले समन्वय समितिकै पक्षमा फैसला गरेको थियो । 'यसले उनीहरू पर्यावरण विरोधी हुन् भन्ने झल्काउँछ,' स्थानीय विनोद महतो भन्छन्, 'स्थानीय सरकारमा राजनीतिक पृष्ठभूमिको सुझबुझ भएको नेतृत्व नहुँदा पनि दुःख पाइँदो रहेछ ।'

केही समयअगाडि पनि उपमेयर महतोलाई नगरप्रमुखले कार्यकक्षमा नै ताला लगाएर कार्यालय आउन रोक लगाएका थिए । तर सर्वपक्षीय बैठकले मेयरको कदमप्रति आपत्ती जनाउँदै निर्वाध काम गर्ने वातावरण सिर्जना गर्न अनुरोध गरेपछि कार्यकक्षको ताला खोलेका थिए ।

सामुदायिक भवनको नाममा व्यक्तिको जग्गा कब्जा गर्दै रामगोपालपुर

विकासभन्दा पनि विवादमा आइरहने रामगोपालपुर नगरपालिकाको विषयमा जिल्लामा बेलाबेलामा चर्चा हुने गर्दछ ।विवादकै कारण १ जना स्वास्थ्यकर्मीले नगरप्रमुखलाई जुत्ता प्रहार गरेको घटना सेलाउन नपाउँदै व्यक्तिको जग्गा हडपेर सामुदायिक भवन निर्माण गर्न लागेको आरोपसमेत लाग्ने गरेको छ । स्थानीय सरकारका प्रतिनिधि जनताप्रति पक्षधरताको आधारमा पूर्वाग्रही बनेको कतिपय उदाहरणले पुष्टिसमेत गरेको छ ।

जानाजान सामुदायिक भवन निर्माण गर्ने वहानामा व्यक्तिको जग्गामा आँखा लगाउनु र अदालतले ब्रेक लगाउनुले यसलाई पुष्टि गरे

बाकी पष्ठ २.....

## गौशालामा मोटरसाइकल दुर्घटना:
# एक महिलाको मृत्यु, बालिका घाइते



महोत्तरीको गौशालामा मोटरसाइकल दुर्घटना हुँदा एक महिलाको मृत्यु भएको छ भने एक बालिका गम्भीर घाइते भएकी छन्।

शुक्रबार गौशालाबाट माइस्थान चोकतर्फ जाँदै गरेको अनटेस्ट मोटरसाइकलले गौशाला नगरपालिका - १ रामनगरमा दुई जना पैदलयात्रीलाई ठक्कर दिएको थियो।

ठक्करबाट गम्भीर घाइते भएकी स्थानीय ३८ वर्षीया शोभा परियारको बर्दिबासस्थित शुभस्वस्तिक अस्पतालमा उपचारको क्रममा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय महोत्तरीले जनाएको छ। सोही दुर्घटनामा गम्भीर घाइते भएकी स्थानीय राजु परियारकी १० वर्षीया छोरी ज्ञानु परियारको उपचार भइरहेको प्रहरीले जनाएको छ।

मृतकको शव पोस्टमार्टमका लागि बर्दिबासस्थित सरकारी अस्पतालमा पठाइएको छ। दुर्घटनामा संलग्न मोटरसाइकल चालक गौशाला नगरपालिका - ५ का १९ वर्षीय सुशान्त शर्मालाई इलाका प्रहरी कार्यालय गौशालाले नियन्त्रणमा लिएर थप अनुसन्धान गरिरहेको प्रहरीले जनाएको छ।



पवितर्नका लागि एक नयाँ आवाज
टक नेपाल
Talk Nepal National Daily
राष्ट्रिय दैनिक

## सम्पादकीय

### जेनजीको बलिदान र नयाँ इतिहास

जेनजी पुस्ताले देखाएको अदम्य साहस र एकताले भ्रष्टाचारविरुद्धको जनआन्दोलनलाई ऐतिहासिक मोडमा पुऱ्याएको छ। आम नागरिक वर्षौंदेखि भ्रष्टाचारको दलदलमा थिचिँदै आएका थिए, तर यो पुस्ताले त्यो चक्र तोड्ने आँट गऱ्यो। साना भाइबहिनीको बलिदानदेखि राष्ट्रिय धरोहरमाथिको प्रहारसम्मका घटनाले आन्दोलनलाई झनै मार्मिक बनाएको छ।

यो आन्दोलनको सार भनेको धरोहर मास्नु वा अराजकता फैलाउनु होइन, बरु भ्रष्टाचार अन्त्य गरी सुशासन कायम गर्नु हो। देशभर मात्र नभई विदेशमा रहेका नेपाली युवाको ऐक्यबद्धताले यसको शक्ति बढाएको छ। यही दबाबका कारण राष्ट्रपति मार्फत नयाँ अन्तरिम प्रधानमन्त्रीको नियुक्ति सम्भव भएको हो। सुशीला कार्की नेतृत्वको अन्तरिम सरकारप्रति जनताको अपेक्षा भ्रष्टाचार नियन्त्रण, सुशासन र पारदर्शितामा केन्द्रित छ।

तर आन्दोलनकै नाममा घुसपैठ समूहले धरोहर नष्ट गर्ने, विनाशकारी गतिविधि गर्ने प्रवृत्तिले आन्दोलनको मर्म कमजोर पार्ने खतरा छ। यस्ता कार्यलाई कानुनी दायरामा ल्याउन ढिलाइ गर्नु आन्दोलनमाथि कुठाराघात हुनेछ।

अबको प्रमुख कार्य समयमै चुनाव सम्पन्न गर्नु हो। उम्मेदवार छनोटमा दलहरूले जेनजी र भावी पुस्ताको आकांक्षा बुझ्न जरुरी छ–शिक्षा, स्वास्थ्य, रोजगारी र नागरिक सम्मानलाई प्राथमिकता दिने स्वच्छ नेतृत्व खोज्नु अपरिहार्य छ।

जेनजीको बलिदानले स्पष्ट सन्देश दिएको छः अब भ्रष्टाचार र विभेद सह्य छैनन्। संविधानभित्रै समाधान खोज्ने वा आवश्यक परे नयाँ संरचना निर्माण गर्ने कार्य विलम्ब नगरौं। देशले एक ऐतिहासिक अवसर पाएको छ–यसलाई सही दिशा दिनु सरकार, दल र नागरिक समाज सबैको साझा जिम्मेवारी हो।

# कोशी उच्च बाँधको डिजाइन परिवर्तनल......................

गरिएको छ। नदीको पिँधको सतहबाट यो उचाइ १९४ मिटर हुनेछ। यो बाँधको उचाइमा जलाशयको पानीको माथिल्लो सतह २९९ मिटर कायम राख्दा जलाशयको कुल क्षमता ७.७८ अर्ब घनमिटर हुनेछ।

प्रस्तावित सप्तकोशी उच्च बाँध लगायत अन्य आयोजनाको अवस्थिति बाँधस्थलमा हरेक वर्ष ११० मिलियन घनमिटर बालुवा-गेग्रानको बहाव हुने अनुमान छ। यसमा सय वर्षको हिसाब गर्दा जलाशयमा करिब ९ अर्ब घनमिटर बालुवा-गेग्रान जम्मा हुने देखिन्छ।

नेपालले बराह क्षेत्रको माथिल्लो तटमा चार वटा जलाशय आयोजना सुनकोशी-२, सुनकोशी-३, दूधकोशी र तमोर अघि बढाएको छ। यी आयोजनामा गेग्रानको वार्षिक बहाव क्रमशः ६.६१, १७.३६, ८.८२ र १६.९३ मिलियन घनमिटर हुने अध्ययनले देखाएको छ।

यी आयोजनामा थिग्रिने गेग्रानको हिसाब गर्दा वार्षिक ८४ मिलियन घनमिटर गेग्रान बराह क्षेत्रमा पुग्नेछ। यसको आधारमा सय वर्षमा कोशी उच्च बाँधस्थलको जलाशयमा ६.५ अर्ब घनमिटर गेग्रान थुप्रिने अनुमान छ।

जलाशय आयोजनाको एक ठूलो समस्या डुबान हो। सुरूआती २६९ मिटर अग्लो बाँध निर्माण हुँदा बराह क्षेत्रको माथिल्लो तटमा १९० वर्गकिलोमिटर भूभाग डुबान हुने थियो।

परिवर्तित डिजाइन अनुसार १९४ मिटर अग्लो बाँध निर्माण हुँदा करिब १२५ वर्गकिलोमिटर क्षेत्र डुबानमा पर्नेछ। यसबाट नेपालको ६५ वर्ग किलो मिटर क्षेत्र डुबान हुनबाट जोगिने छ। यसले विस्थापन र पुनर्वासको समस्या कम गर्नेछ।

परिवर्तित डिजाइनका कारण मुख्य बाँधबाट विद्युत उत्पादन क्षमता तीन हजार मेगावाटबाट घटेर २१ सय मेगावाट कायम हुनेछ।

सुरूआती डिजाइनमा उच्च बाँधबाट १२ किलो मिटर तल सिसौलीमा ब्यारेज निर्माण गरी नेपालतर्फ ४.३० लाख र भारततर्फ ७.७० लाख हेक्टर गरी जम्मा १२ लाख हेक्टर भूमिमा सिँचाइ सुविधा उपलब्ध गराउने योजना थियो।

त्यसका लागि पूर्व र पश्चिमतर्फ क्रमशः १०३ किलोमिटर र १५३ किलोमिटर लामो नहर बनाउने अनि उक्त नहरमा क्रमशः ३२७ क्युमेक र ५९३ क्युमेक पानीको बहाव हुने गरी डिजाइन गरिएको थियो।

त्यसबाट भारतमा पानी लैजान नेपालको पूर्वतर्फ एक हजार २५० हेक्टर र पश्चिमतर्फ तीन हजार हेक्टर भूमि नहरमा प्रयोग हुन्थ्यो।

परिवर्तित डिजाइन अनुसार नेपालतर्फको सिँचाइ क्षेत्रफल यथावत् राखी कुल सिँचाइयोग्य क्षेत्रफल ८.३२ लाखमा घट्नेछ। सिसौलीको सट्टा चतरामा ब्यारेज निर्माण हुनेछ। उक्त ब्यारेजमार्फत नेपालको चार लाख हेक्टर भूमिमा सिँचाइ हुनेछ। बिहारको महानन्द बेसिनमा दुई लाख हेक्टरमा सिँचाइ हुनेछ।

हालको हनुमाननगर ब्यारेजको पूर्वी नहर आधुनिकीकरण गरी ४२५ क्यूमेक बहाव क्षमता ५७३ क्यूमेकमा वृद्धि गरी बिहार प्रान्तमा थप २.१४ लाख हेक्टर भूमिमा सिँचाइ पुऱ्याउने योजना छ।

परिवर्तित डिजाइनबाट बंगालको बन्दरगाहमार्फत समुद्रसँग जोडिने नेपालको योजनामा असर पर्ने आशंका छ।

बाँधको उचाइ कम हुँदा र सिसौलीको सट्टा चतरामा ब्यारेज निर्माण हुँदा पूर्वी नहरमा सुख्खायाममा पानीको बहाव कम भई पानीजहाज सञ्चालनमा अवरोध हुन सक्ने देखिएको छ।

यसो भए पनि कोशी उच्च बाँधको डिजाइन परिवर्तन गर्नु ऐतिहासिक, प्राविधिक र भूराजनीतिक सन्दर्भमा अपरिहार्य थियो। यसले जलविद्युत उत्पादन घटाए पनि डुबान, विस्थापन र अन्य आयोजनामा हुने असर गर्नेछ।

नेपाल-भारत सहकार्य भई पारदर्शी ढंगले योजना कार्यान्वयन भएमा यो आयोजना दुवै देशका लागि ऊर्जा, खाद्य सुरक्षा र क्षेत्रीय समृद्धिको आधार बन्न सक्नेछ।

परिवर्तित डिजाइनबाट कुल लागतमा २५ देखि ३० प्रतिशत कम हुने देखिएको छ। परिवर्तित डिजाइनमा 'उच्च बाँध' शब्दावलीको सट्टा 'कोशी बहुउद्देश्यीय आयोजना' नामकरण गरिएको छ।

यति बृहत् योजना बने पनि विद्यमान कोशी सम्झौता वहाल रहेकै अवस्थामा वा यसको संशोधनविना कोशी बहुउद्देश्यीय आयोजना निर्माण अघि बढ्ने देखिँदैन। सौर्य अनलाईन

# महोत्तरीका स्थानीय सरकार..............................

को पीडितहरू बताउँछन्। आफ्नो छुट्टै प्रशासनिक भवनसमेत बनाउन नसकेको नगरपालिकाले अहिलेसम्म कुनै पनि दीर्घकालीन विकासको आधार तयार गर्न नसकेको स्थानीयको आरोप छ। स्थानीय अजय मण्डल ऐतिहासिक महत्त्व बोकेको सौतेनी पोखरीको समेत संरक्षण, प्रवर्द्धन गर्न नसकेको र महसुस हुनेगरी विकास हुन नै नसकेको गुनासो गर्छन्। यसमा नगरप्रमुख रामदुलार साह नै दोषी भएको स्थानीयहरूको निष्कर्ष छ।

मुद्दा नै मुद्दामा अलमलिएको जलेश्वर नगरपालिका

पारदर्शितामाथि प्रश्न उठाउँदै जलेश्वर नगरपालिकामाथि स्थानीयहरूले दायर गरेको मुद्दाहरूले नै जलेश्वर नगरपालिकाका नगरप्रमुख सुरेश साह सोनार हैरान छन्। अनुगमन नै नगरी उपभोक्ता समितिलाई भुक्तानी दिएको एउटा विषयले त नगरप्रमुख सोनारलगायत जनप्रतिनिधिहरूलाई अख्तियार दुरुपयोग अनुसन्धान आयोगले मुद्दा दायर गर्दा केही समय निलम्बनमा नै परे।

संघीयतापछि सुस्ताउँदै गएको जलेश्वर नगरपालिका अपेक्षित माथि उठ्न नसक्दा स्थानीयहरूले असन्तुष्टि व्यक्त गर्दै गएका छन्। जिल्लाको सदरमुकाम रहेको यो पुरानो ठाउँ थप ओझेलमा पर्दै जानुमा जनप्रतिनिधिहरूको नै दोष भएको स्थानीयहरू जिकिर गर्दछन्।

निर्माणको प्रक्रियामा रहेको लामो समय बितिसक्दा पनि बसपार्क बन्न नसक्नु, सरसफाइ तथा अन्य दीर्घकालीन विकासका कामहरूले गती लिन नसक्नु महोत्तरीको ऐतिहासिक नगर मानिने जलेश्वरका लागि दुर्भाग्य बनेको स्थानीयवासीको भनाइ छ। आर्थिक वर्ष २०८१-०८२ मा जलेश्वर नगरपालिकाको नै सबैभन्दा बढी उजुरी परेको अख्तियार दुरुपयोग अनुसन्धान आयोग बर्दिवासले जनाएको छ। आयोगका अनुसार उक्त आर्थिक वर्षमा ७५ वटा उजुरीहरू परेका छन्।

आशा जगाउँदै मटिहानी नगरपालिका

मटिहानी नगरपालिकाका नगरप्रमुख हरिप्रसाद मण्डल हुन्। लामो समय पत्रकारिता गरेर राजनीति यात्रामा होमिएका प्रमुख मण्डलको यो दोस्रो कार्यकाल हो। धार्मिक पर्यटनको आधार निर्माण गर्नेदेखि स्थानीय उत्पादनलाई ब्रान्डिङ गर्नेजस्ता कार्यहरूले नगरको दीर्घकालीन भविष्य निर्माणमा आशा जगाउँदै गएको देखिएको छ।

स्थानीय उत्पादन मखनलाई ब्रान्डिङ गर्न उनले किसानहरूलाई प्रोत्साहन गरिरहेका छन् यसको लागि नगरप्रमुख मण्डलले किसानहरूका लागि विभिन्न अनुदानको कार्यक्रमसमेत घोषणा गरेका छन्। परिणामस्वरूप किसानहरू पहिलेको तुलनामा मखन उत्पादनमा १० प्रतिशतले बढेको नगरपालिकाले जनाएको छ। भारतको मधुवनी जिल्लासँगै जोडिएको यो पालिकालाई धार्मिक पर्यटन हब बनाउन नगरप्रमुखले विभिन्न योजना बनाएका छन्।

यहाँ नेपालको सबैभन्दा पुरानो गुरुकुल रहेको छ भने मन्दिर नै मन्दिरको रूपमा चिनिने यो पालिकालाई धार्मिक पर्यटनको विकास गर्न नगरले अभियान नै बनाएको छ। अपेक्षा गरिएका पालिकाहरूवाट नै कामको डेलिभरी हुन नसकेपछि अन्य पालिकाहरू त थप संकटमा छन्।

मनरासिस्वा नगरपालिकाले शैक्षिक क्षेत्रमा केही सकारात्मक कामहरू अगाडि बढाए तापनि जिल्लामा अन्य पालिकाहरूका कार्यसम्पादन दयनीय अवस्थामा पुगेको जिल्ला समन्वय समितिको निष्कर्ष छ। जिल्ला समन्वय समितिका सभापति सुमनलाल कर्ण हुनसक्ने कामहरूको समेत सही ढंगले सम्पादन हुन् नसक्दा आममानिसहरूको असन्तुष्टि बढेको बताउँछन्।









# कोशी उच्च बाँधको डिजाइन परिवर्तनले पानीजहाजको सपनामा धक्का!

डा. मुकेशराज काफ्ले



नेपाल-भारत जलस्रोत सहकार्य र उपयोगको विषयमा कुरा गर्दा कोशी नदीको नाम अग्रपंक्तिमा आउँछ।

कोशीको बहाव मार्गबारे सबभन्दा पहिलो अध्ययन सन् १७७९ मा मेजर रेनलले गरेका थिए। त्यसपछि सन् १८६३ मा जेम्स फुर्गसनले गरे।

फुर्गसनका अनुसार त्यो समयको कोशी नदी महानन्द नदीको बहाव मार्गसँगै बगेर गंगा नदीको उत्तरतर्फ ब्रह्मपुत्र नदीमा समाहित भएको थियो। समय क्रममा कोशी नदी आफ्नो बहावमार्ग पूर्वबाट क्रमशः पश्चिमतर्फ सर्दै अहिलेको अवस्थामा आइपुगेको हो।

कोशी नदीको बहाव सन् १७३६ देखि १९५० सम्ममा ११४ किलोमिटर पश्चिमतर्फ सरेको देखिन्छ।

तिब्बतमा उत्पत्ति भएको कोशी नदीको कुल लम्बाइ ७२० किलो मिटर छ। यसको जलाधार क्षेत्र ९२ हजार ५३८ वर्ग किलोमिटर छ।

कोशी नदी बेसिन अन्तर्गत नेपालको सिंगो कोशी प्रदेश, मधेस र बागमतीका केही भूभाग पर्छन्। यो बेसिनमा नेपालका ३१ वटा जिल्ला छन्। तीमध्ये ११ वटा तराईमा, १५ वटा पहाडमा र पाँच वटा जिल्ला हिमाली क्षेत्रमा पर्छन्।

यो नदीका सात वटा सहायक नदी छन्। सुनसरी जिल्लाको त्रिवेणीबाट तल गएपछि सप्तकोशी नामले चिनिन्छ। भारतको कुर्सेला पुगेपछि गंगा नदीमा विसर्जन हुन्छ।

कोशी नदीको बाढी भारतको बिहारमा मुख्य चिन्ता र चासोको विषय रही आएको छ, खास गरी उत्तरी बिहारमा।

एक तथ्यांक अनुसार भारतको कुल चार करोड हेक्टर क्षेत्र बाढीको जोखिममा छ। त्यसमध्ये करिब ४३ लाख (११ प्रतिशत क्षेत्र) बिहारमा पर्छ।

सन् १९७० देखिको तथ्यांक केलाउँदा सन् १९७१ मा बिहारमा बाढीबाट सबभन्दा बढी, करिब ४२ लाख हेक्टर र सन् १९८९ मा सबभन्दा कम, ७ लाख हेक्टर भूमि प्रभावित भएको थियो।

कोशीको बाढीले नेपालको चतराबाट हनुमाननगर ब्यारेजसम्मको क्षेत्र हरेक वर्ष प्रभावित हुने गरेको छ।

२०६५ भदौ २ गते आएको बाढीले कोशी ब्यारेजबाट १२ किलोमिटर उत्तरतर्फ हर्कपुरमा पूर्वी तटबन्ध कटान गर्‍यो। त्यो कटानबाट नदीको बहाव परिवर्तन हुँदा नेपाल र भारत दुवैतर्फ जनधनको ठूलो क्षति भएको थियो।

त्यस अतिरिक्त बालुवा र गेग्रानको थेग्रिनीसमेत कोशीको ठूलो समस्या हो। मूलभूत रूपमा बाढी, बालुवा-गेग्रानको थेग्रिनी लगायत समस्या समाधान गर्न भारतले कोशी उच्च बाँधको अवधारणा अघि बढाएको थियो।

सन् १८९६ ताका नै तत्कालीन भारतको ब्रिटिस सरकारले कोशी नदी नियन्त्रण र यसको बहुउद्देश्यीय उपयोगिताबारे छलफल चलाएको थियो। विस्तृत अध्ययनको अभावले उक्त कार्य त्यो समय अघि बढ्न सकेन।

सन् १९३० मा फेरि उक्त विषय ब्युँताइयो तर नेपालको आन्तरिक राजनीतिका कारणले ठोस आकार लिन सकेन।

भारतको स्वतन्त्रता र सन् १९५१ मा नेपालमा राणा शासन अन्त्यपछिको राजनीतिक परिवर्तन र तरलताका बीच कोशी सम्झौताका लागि भारतले आफ्नो अनुकूलता सम्झेर दबाब बढायो।

तत्कालीन भारतीय प्रधानमन्त्री जवाहरलाल नेहरूले बृहत् कोशी आयोजनाको अवधारणा सार्वजनिक गरे। भारतको सुरूआती योजना बराह क्षेत्रमा उच्च बाँध निर्माण गरी बाढी नियन्त्रण लगायत सिँचाइ र विद्युत उत्पादनको बहुउद्देश्यीय आयोजनाका रूपमा 'कोशी स्किम' अगाडि बढाउने थियो।

त्यो योजनाको लागत धेरै हुने देखियो। भौगोलिक हिसाबले बाँधक्षेत्र भारतीय सीमाबाट टाढा हुने भयो जसका कारण बाँध सञ्चालनमा आफ्नो नियन्त्रण नरहने भारतको भय देखियो। परिणाम स्वरूप त्यो योजना त्यागेर भारतले दुई देशको सीमानजिक ब्यारेज बनाउने प्रस्ताव गर्‍यो।

बाढी नियन्त्रण, सिँचाइ र विद्युत उत्पादन समावेश गरी कोशी बहुउद्देश्यीय आयोजना विकास गर्ने गरी विस्तृत आयोजना प्रतिवेदन तयार भयो।

भारतले तयार गरेको उक्त प्रतिवेदन दुवै देशले स्वीकार गरेपछि सन् १९५४ अप्रिल १२ मा कोशी सम्झौता भयो। उक्त सम्झौता अनुसारको परियोजनाबाट अपेक्षाकृत रूपमा बाढी नियन्त्रण र सिँचाइको लाभ प्राप्त हुन नसकेको ठहर गरी फेरि कोशी उच्च बाँधको प्रस्ताव अघि बढाइएको छ।

सन् १९५० मा भारतको केन्द्रीय सिँचाइ तथा परिवहन आयोगले अध्ययन गरी बराह क्षेत्रमा २३९ मिटर अग्लो बाँध बनाउने प्रस्ताव गरेको थियो।

प्रस्तावित डिजाइनमा मुख्य बाँधबाट १८ सय मेगावाट विद्युत उत्पादन गर्ने, जलपरिवहन चलाउने, चतरामा ब्यारेज बनाएर नेपाल र भारततर्फ गरी कुल ३८.४० लाख एकड जमिनमा सिँचाइ सुविधा उपलब्ध गराउने उल्लेख थियो।

यसै गरी पूर्वी नहरबाट ५० मेगावाट विद्युत उत्पादन गर्ने योजना थियो। आयोजनाको कुल अनुमानित लागत एक अर्ब ७७ करोड भारतीय रूपैयाँ थियो। उक्त परियोजनाको नाम 'कोशी परियोजना-१९५०' भनिएको थियो।

त्यसपछि सन् १९८१ मा भारतको केन्द्रीय जल आयोगले कोशी उच्च बाँधको विस्तृत सम्भाव्यता अध्ययन गर्‍यो।

उक्त अध्ययनले बराह क्षेत्रभन्दा १.६ किलोमिटर माथिल्लो तटमा २६९ मिटर अग्लो कंक्रिट बाँध निर्माण गरेर १३.५ अर्ब घनमिटर पानीको जलाशय बनाउन र तीन हजार मेगावाट विद्युत उत्पादन गर्न सिफारिस गरेको थियो।

यस अतिरिक्त मुख्य बाँधबाट ८ किलोमिटर तल्लो तट चतरामा ९७० मिटर लामो ब्यारेज निर्माण गरी पूर्वी र पश्चिम नहरमार्फत भारतमा ९.७६ लाख हेक्टर र नेपालमा ५.४६ लाख हेक्टर गरी कुल १५.२२ लाख हेक्टरमा सिँचाइ सुविधा उपलब्ध गराउने डिजाइन तयार भयो।

सन् १९८५ मा नेपाल सरकार र जापान सहयोग नियोग (जाइका) को संयुक्त अध्ययनमा कोशी नदी जलस्रोत विकास सम्बन्धी गुरू योजना तयार भयो।

उक्त गुरू योजनामा बराह क्षेत्रमा २३९ मिटर अग्लो कंक्रिट बाँध निर्माण गरी ८.५ अर्ब घनमिटरको जलाशय बनाएर तीन हजार ४८९ मेगावाट क्षमताको विद्युत गृह निर्माण गर्ने र ६६ हजार ४५० हेक्टर नेपाली भूमिमा सिँचाइ सुविधा उपलब्ध गराउने उल्लेख थियो।

सन् १९९१ डिसेम्बरमा नेपालका प्रधानमन्त्री भारतको भ्रमण गएका बखत 'सप्तकोशी उच्च बाँध बहुउद्देश्यीय विकास मोडल' र त्यसबाट प्राप्त हुने लाभको मूल्यांकन गर्न संयुक्त विज्ञ टोली गठन भयो। सोही समझदारी अनुसार सन् २००४ अगस्ट १७ मा विराटनगरमा संयुक्त आयोजना कार्यालय स्थापना भयो।

त्यही कार्यालयमार्फत सप्तकोशी उच्च बाँधका अतिरिक्त कमला र बागमती बहुउद्देश्यीय आयोजनाको अध्ययन समेत भइरहेको छ।

नेपालका प्रस्तावित आयोजनाहरू प्रभावित हुने निष्कर्षका साथ नेपालको आग्रहमा सन् २०२२ मा संयुक्त आयोगको बैठकले निर्देश गरेबमोजिम संयुक्त विज्ञ टोलीले कोशी उच्च बाँधको डिजाइन परिवर्तन गरेको छ।

कोशी बेसिनमा नेपालले विकास गर्न खोजेका सबैभन्दा तल्लो तटीय आयोजनाहरू दूधकोशी र तल्लो अरूण हुन्।

प्रस्तावित दूधकोशी आयोजनाको 'टेलरेस' को न्यूनतम पानीको सतह ३०४.८० मिटर र तल्लो अरूणको ३०५.५० मिटर छ।

यी आयोजना प्रभावित नहुने गरी कोशी उच्च बाँधको जलाशयको माथिल्लो पानीको सतह ३०४.८० मिटर कायम हुने गरी बाँधको डिजाइन परिवर्तन गरिएको छ।

सुरूआती बाँधको उचाइ २६९ मिटरबाट घटाएर २३२ मिटर कायम

बाकी पष्ठ २......









### जनकपुरधामस्थित राजदेवी
# मन्दिरमा रोकिएनन् चोरीका घटना



• टक नेपाल

विजयादशमीको अवसरमा अत्यधिक भिडभाड हुने जनकपुरधामस्थित राजदेवी मन्दिरमा यस वर्ष पनि चोरीका घटना रोकिन सकेका छैनन् । भिडभाडकै क्रममा महिलाले लगाएका गरगहना र पर्स चोरी हुने क्रम दोहोरिएको छ ।

मन्दिरको दक्षिणतर्फको झ्यालबाट राजदेवी माताको दर्शनका लागि लाइनमा उभिएकी एक महिलाको पर्स गुपचुप चोरी भएको छ । चोरी भएको पर्समा करिब ९ हजार रुपैयाँ नगदसहित अन्य सामग्री रहेको पीडित महिलाले बताइन् ।

राजदेवी मन्दिरको व्यवस्थापन महावीर युवा कमिटी मातहतमा हुँदै आएको छ । तर, पीडित महिलाले सीसीटीभी क्यामेरा भएपनि चोर समाउने खालका दृश्य कैद नहुने र केवल पूजा अर्चनाका दृश्य मात्र देखिने व्यवस्था गरिएको भन्दै कमिटीमाथि नै प्रश्न खडा गरेकी छन् ।

यता मन्दिरमा पूजाको व्यवस्थापन गरिरहेका महाविर युवा कमिटीका अध्यक्ष दीपक कुमार साह मिन्टुले मन्दिरको चारै तीर सीसीटीभी क्यामेरा लगाइएको बताउँदै मन्दिरमा अत्यधिक भिडभाड हुने गरेकोले चोरीका घटना हुने गरेको बताए ।

उनले भिडभाड जस्तो ठाउँमा बहुमूल्य सामग्री र नगदहरूलाई आफै सुरक्षा गर्नुपर्ने बताए । यद्यपि यस विषयमा हामी निकै संवेदनशील छौ,यस्ता क्रियाकलाप गर्नेहरूलाई छिटै पक्राउ गरिने बताए ।

गत वर्ष पनि विजयादशमीका बेला मन्दिरमा आधा दर्जनभन्दा बढी महिलाका मंगलसूत्र, सुनका गरगहना र पर्स चोरी भएका थिए ।

### वीरगञ्ज नाका पहिलो
# दुई महिनामा १७ अर्बको सामान निर्यात



• टक नेपाल

चालु आर्थिक वर्षको दुई महिनामा वीरगञ्ज नाकाबाट रु १७ अर्ब तीन करोड मूल्य बराबरका वस्तु तथा सामान विदेशी मुलुकमा निर्यात भएको छ ।

गत आवको सोही अवधिको तुलनामा चालु आवको दुई महिनामा रु १० अर्ब ९८ करोडभन्दा बढीको वस्तु तथा सामान निर्यात भएको हो । गत आवको पहिलो दुई महिनामा यस नाकाबाट रु छ अर्ब पाँच करोड मूल्य बराबरको वस्तु तथा सामान निर्यात भएको थियो ।

वीरगञ्ज भन्सार कार्यालयका प्रमुख भन्सार प्रशासक विष्णुप्रसाद ज्ञवालीले वीरगञ्ज नाका हुँदै चालु आवको दुई महिनामा निर्यात उत्साहजनक भएको बताउनुभयो । "गत आवको दुई महिनाको तुलनामा चालु आवको सोही अवधिमा यहाँबाट हुने निर्यात १८१ प्रतिशतले वृद्धि भएको छ", उहाँले भन्नुभयो, "गत आवको दुई महिनामा यहाँबाट हुने वैदेशिक व्यापारको अनुपात १:२० रहेको अहिले सो अनुपातमा सुधार भएर १:६० मा पुगेको छ ।"

वीरगञ्ज नाका हुँदै चालु आवको दुई महिनामा रु आठ अर्ब ८४ करोड मूल्य पर्ने रु चार करोड २८ लाख २४ हजार ८७१ लिटर भटमासको तेल प्रशोधित निर्यात भएको छ । जबकी गत आवको सोही अवधिमा भने तीन लाख मूल्य पर्ने ४८० लिटर भटमासको तेल प्रशोधित निर्यात भएको थियो ।

त्यस्तै चालु आवको दुई महिनामा रु एक अर्ब २४ करोड मूल्य पर्ने रु एक करोड २६ लाख ९५ हजार ७३२ लिटर फलफूलको जुस विदेशी मुलुकमा निर्यात भएको छ । जबकी गत आवको सोही अवधिमा भने रु एक अर्ब २९ करोड मूल्य पर्ने रु एक करोड ३६ लाख ४८ हजार १५५ लिटर जुस निर्यात भएको थियो ।

चालु आवको दुई महिनामा एक अर्ब १७ करोड मूल्य बराबरको तीन करोड ४१ लाख १३ हजार २३० लिटर सूर्यमुखीको प्रशोधित तेल निर्यात भएको छ । जबकी गत आवको सोही अवधिमा भने नगन्य मात्रामा मात्रै निर्यात भएको थियो । रासस





## मानव बेचबिखन विरुद्ध सचेतना

- ❖ बेचबिखन रोक्न समाजमा चेतना फलाउन जरूी छ ।
- ❖ विद्यालयदेखि न बालबालिकालाइ यसका बोमा शिक्षित गराउनु पदछ ।
- ❖ पाठ्यपुस्तकमा समावेश गे आफू कसी बच्ने  अरूलाइ पनि कसी बचाउने भन्ने कुरा सिकाउन जरूी छ ।
- ❖ समाजमा तुरून्त लागु गन सकिने किसिमका पाठ्यसामग्रीह समावेश गन जरूी छ ।
- ❖ रोजगीका लागि जाने व्यक्तिलाइ शिक्षा दिने, गलत बाटोबाट जाँदा पने असका बोमा जानकी गाउने गर्नुपछ ।
- ❖ व्यक्तिगत तवबाट आफु सचेत हि पवि  साथीहरू सवलाइ सचेतना फलाउने ।
- ❖ शंकास्पद व्यक्ति  जोखिममा हेका व्यक्तिहरूको बोमा निगानी ख्ने पामश दिने  आवश्यकता अनुसा सम्वन्धित निकायसँग समन्वय गने ।

**सोनमा गाउँपालिका , महोत्तरी, मधेश प्रदेश**








बर्दिबास मिडिया ग्रुप प्रा.लि. द्वारा प्रकाशित, प्रकाशकः तुलसामाया कार्की, अध्यक्ष निर्देशकः ललन मण्डल, सम्पादक : रंजु साह
मुद्रक : आमोश अफसेट प्रिन्टिङ्ग प्रेस, बदिबास-३, महोत्तरी, प्रधान कार्यालय : बर्दिबास, महोत्तरी E-mail : talknepalnationaldaily@gmail.com , Mo.9863321014